# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, मंसीर २८ गते २०४४ साल (संख्या ३४

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल नेत्र ज्योति संघअन्तर्गत संचालित लुम्बिनी आँखा उपचार केन्द्र, भैरहवाको लागि भारतबाट पैठारी हुने निम्न विवरणको ३ थान मोटरसाइकलमा लाग्ने भन्सार महसुल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | विवरण |
|---|---|
| १. | मोडेल नं. १२६, १७३ सी. सी. को राजदूत मोटरसाइकल थान २ |
| २. | आर एक्स–१००,९८ सी. सी. को राजदूत मोटरसाइकल थान १ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी पर्यटन विभाग, शाही नेपाल वायुसेवा निगम र पाटा नेपाल च्याप्टरले संयुक्तरूपमा लगानी गरी अष्ट्रेलियाको पर्थमा निर्माण गरेको निम्न परिमाणका फिल्महरू र भिडियो क्यासेटहरूको पैठारीमा लाग्ने भन्सार महसुल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

१. अंग्रेजी, फ्रेञ्च, जर्मनी र जापानिज भाषाका ४ थान टुरिज्म मास्टर फिल्मरिल।
२. बिश्वव्यापी बितरण र प्रकाशनको लागि विभिन्न भाषामा डविङ भएका चारहजार (४,०००) थान भिडियो क्यासेट।

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी युनिभर्सिटी अफ टेक्नोलजी लोबोरो लण्डनका प्रा श्री ए. सी वाचवेयीले त्रि. वि. पाठ्यक्रम विकास केन्द्रको शैक्षिक क्रियाकलापमा सहयोगी हुने गणित विषयसंग सम्बन्धित देहायका शैक्षिक सामग्रीहरू उपहारस्वरूप प्रदान गर्नुभएकोले सोमा लाग्ने भन्सार महसुल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

1. International Journal of Mathematical education in Science and Technology (17 Volumes)
2. Set of Notes of Mathematics material (27 Copies)
3. BBC Computers hand book copy
4. BBC Computer Programming book
5. EPSON Rx--80 Black and white Paper
6. EPSON Printer Manual
7. Special Printing Paper
8. CEL Units on Machanics for teaching



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२८